कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल ।।

पत्र संख्या:-२०७९।०८०

चलानी नं:-

मिति:- २०७९।१२।२०

**विषय:- प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना।**

प्रथम पटक सुचना प्रकाशन मिति :- २०७९।१२।२०

प्रस्तुत विषयमा चालु आ.व. २०७९।०८० मा यस कालिमाटी गाउँपालिकाको बहुक्षेत्रिय पोषण योजना दोस्रो कार्यक्रम अन्तर्गत रु. ६,२५,०००।(अक्षेरुपी छ लाख पच्चिस हजार मात्र) रकम विपन्न समुदायका हजार दिनका आमाहरुको पोषण अवस्था सुधारका लागि महिला सहकारी तथा महिला समुहलाई आयआर्जन गर्न पुँजी अनुदान वितरण गरी सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यावसायिक उद्यमशिलता प्रवर्द्धन गर्नको लागि महिला सहकारी तथा महिला समुहलाई उद्यमशिलता विकाशका लागि अनुदान कार्यक्रम संचालन गर्न लागिएको हुँदा यस कालिमाटी गाउँपालिका भित्र रहेका महिला सहकारी तथा महिला समूहले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा तपसिलका कागजातहरु संलग्न राखी कार्यालय समय भित्र कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७९।१२।२०

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत

**संलग्न राखुपर्ने कागजातहरु:-**

१. निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन ।

३. अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धित महिला सहकारी संस्था वा महिला समूहको कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।

४. सहकारी संस्था तथा समूहको दर्ता प्रमाण पत्र तथा बिधानको प्रतिलिपी ।

५. स्थायी लेखा नं. र गत आ. व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

६. महिला सहकारी संस्था वा महिला समूहबाट प्रमाणित गरिएको कार्यक्रमको प्रस्तावना ।

७. चालु आ.व. मा कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।

८. महिला सहकारी वा महिला समूहले गर्न चाहेको व्यावसायको व्यावसायिक योजना पत्र ।

९. महिला समूहको हकमा १ बर्ष भित्रमा महिला सहकारीमा रुपान्तरण हुने प्रतिबद्धता ।

१०. महिला सहकारीलाई पहिलो प्राथमिकता दिइनेछ ।

**नोट:** प्रस्तावनाको ढाँचाका लागि यस कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा सम्पर्क राखुहोला। ( सम्पर्क नं : ९८६७९६९९७७)